वित्तीय विवरण (प्रदेश स्रोत)

Budget	Budget Allocated	Budget Released	Budget Expenditure	Irregularities (बेरुजु) २०८१/८२		
				Amount	Clearances	% Clearances
Capital						
Recurrent	4,86,34,000	4,65,24,109	4,65,24,109	x	x	
Total	4,86,34,000	4,65,24,109	4,65,24,109	x	x	

% of financial achievement: 96%

% of physical achievement: ......

वित्तीय विवरण (व्यवस्थापन समिति/ अन्य)

Budget	Budget Allocated	Budget Released	Budget Expenditure	Irregularities (बेरुजु) २०८१/८२		
				Amount	Clearances	% Clearances
Capital	2,89,98,907	2,89,98,907	2,80,68,481	x	x	
Recurrent						
Total	2,89,98,907	2,89,98,907	2,80,68,481	x	x	

% of financial achievement: 97%

% of physical achievement:

<u>**अस्पताल संचालन तथा व्यवस्थापन समिति**</u>

Description	
1. Number of meetings held in FY 2081/82	६
2. Financial Information	**Amount (NPR) in thousand**
2.1. Balance @ end Asar 2081	13,48,194
2.2. Income (service fees, rent, donation etc.)	2,89,98,000
2.3. Expenses	2,80,68,000
2.4. Balance @ end Asar 2081	22,78,194
2.5. Details of any donation received, gift in kind (equivalent In NRs) explain in detail	0

Ambulance and Mortuary Van details

Category of ambulance	**Total number**	**Status**		**GPS**	
		Functional	**Non-Functional**	**Used**	**Not Used**
A					
B	1	1		1	
Patient carrying vehicle					
Mortuary Van	1	1			1

<u>Status of Health Care Waste Management</u>

S. No.	Activities	Current Practices	Number of Equipment	Condition of equipment
1	Work plan prepared and implemented for waste management	No		
2	Autoclaving of infectious waste before disposal	Yes	2	functional
3	Hospital Liquid waste management	No		
4	Pharmaceutical waste and radiological waste is disposed based on the HCWM guideline 2014 (MoHP)	No		
Note: Please mention current practiceof final waste disposal system in Hospital (e.g. open burning, dispose in municipality/ Private container etc.) : Godawari Municipality Container				

वित्तीय विवरण (व्यवस्थापन समिति)

आम्दानी			खर्च			
स्रोत	रकम	प्रतिशत (%)	स्रोत	रकम	प्रतिशत (%)	कैफियत
OPD	1,36,98,150(Cash Deposit)		**Human Resources (Salary)**	1,13,66,909		
Emergency			**HR(Incentives)**	12,28,393		
ICU charge			**Machinery/ Equipment**	38,29,411		
Ambulance			**Medicine and Surgical items**	86,58,052		
Laboratory services			**Infrastructure (New/Repair)**	4,58,760		
Radiology Services			**Others**	25,26,956		
Pharmacy	36,49,498 (Cash Deposit)					
Surgery Services						
Indoor Services						
जम्मा आम्दानी	**2,89,98,907** (Cash+स्वास्थ्य बीमा भुक्तानी)					

कार्यक्रम अनुसार प्रगति विवरण (अनुसूची २ बाट)

कार्यक्रम	विनियोजित बजेट रु.	खर्च रु.	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत	सेवाग्राही संख्या
परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान)					४५
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (तलब)				१००	७

मुख्य समस्याहरू र समाधानका उपायहरू

समस्या	समाधानका उपायहरू
अस्पतालमा आवश्यक जनशक्ति अभावका कारण सेवा प्रवाहमा कठिनाइ भइरहेको छ । दरबन्दी नहुँदा केही पदहरू खाली रहेका छन् र सेवामा प्रभाव परेको छ ।	करारमा चिकित्सक तथा कर्मचारी नियुक्त गरी तत्काल सेवा सञ्चालन गर्ने र स्थायी दरबन्दी सिर्जना प्रक्रिया अघि बढाउने ।
अस्पतालमा निःशुल्क औषधि तथा आवश्यक औजार उपकरणको आपूर्ति नियमित रूपमा नआउँदा सेवा प्रभावित हुने समस्या रहेको छ ।	आपूर्ति व्यवस्थापन सुधार गर्न सम्बन्धित निकायसँग समन्वय गरी मागअनुसार औषधि र उपकरणको नियमित आपूर्ति सुनिश्चित गर्ने ।
अस्पतालको भौतिक पूर्वाधार साँघुरो भएको र अपांगमैत्री संरचना नहुँदा सेवाग्राहीलाई असुविधा भइरहेको छ ।	भवन विस्तार, पुनःसंरचना तथा अपांगमैत्री पूर्वाधार निर्माणका लागि योजना बनाई कार्यान्वयन गर्ने ।
प्रयोगशाला सेवामा विशेष परीक्षण (जस्तै माइक्रोबायोलोजी र कल्चर सेन्सिटिभिटी टेस्ट) गर्न आवश्यक सुविधा अभाव रहेको छ ।	प्रयोगशाला सेवाको स्तरोन्नति गर्दै आवश्यक उपकरण र दक्ष जनशक्ति व्यवस्थापन गरी विशेष परीक्षण सेवा सञ्चालन गर्ने ।
स्वास्थ्य बीमाबाट दाबी गरिएको रकम समयमै नआउनु, बजेट विनियोजन कम हुनु र बजेट समयमा नै रिलीज नहुनुजस्ता आर्थिक समस्या देखिएका छन् ।	स्वास्थ्य मन्त्रालय र बीमा बोर्डबीच समन्वय गरी बीमा दावी रकम वितरण प्रक्रिया छिटो बनाउने तथा बजेट विनियोजन र वितरण समयमै सुनिश्चित गर्ने ।

आ.व २०८१/०८२ का महत्वपूर्ण उपलब्धीहरु (बुँदागत सुपमा)

- Hospital Annual Report
- पोस्ट अप र ओटी लाई फुल सेट अप सहित मेजर अपरेशन सुचारु
- पोस्टनेटल वार्ड को व्यवस्था गरिएको
- प्रसुती वार्डमा waiting area को व्यवस्था गरिएको
- Dental chair को थप गरि सहज रुपमा सेवा प्रबाह सुरु गरिएको
- ल्याबमा Special Test सुचारु गरिएको
- स्वास्थ्य बिमा र सामाजिक सेवा इकाई बाट सेवा प्रवाहको लागि छुट्टै सेक्शन को व्यवस्था गरिएको
- Start of Proper Documentation in Referral in and Out (HMIS १.४)
- ओपिडी विस्तार
- Morning conference सुरू भैसकेको
- अस्पतालमा मासिक रूपमा डाटा भेरिफिकेशन कार्यक्रम सुरू भैसकेको
- स्वास्थ्यकर्मीहरुको knowledge upgrade को लागि CME/CNE कार्यक्रम संचालन गरिएको
- स्वास्थ्य कर्मीहरुलाई नवजात शिशु उपचार ब्यबस्थापन, नवजात शिशु स्क्रिनिंग, RRT, EMT सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिएको
- अस्पतालमा MPDSR समिति गठन भई स्वास्थ्यकर्मीहरुलाई MPDSR सम्बन्धि अभिमिखुकरण गरिएको
- अस्पतालमा बिस्तारित स्वास्थ्य सेवा सुचारु गरिएको
- कर्मचारिहरुको मनोबल बढाउन Best employee of the month, पिकनिक, तीज कार्यक्रमहरु संचालन गरिएको
- ओपिडी र टिकट काउन्टरमा सेवाग्राही हरुको भिडलाई ब्यबस्थापन गर्नको लागि टोकन सिष्टम जडान गरिएको
- अस्पतालको Social Audit गरिएको
- अस्पतालमा आपतकालीन बिपत ब्यबस्थापन को लागि बिपत पूर्व तयारीको बैठक बसी mock drill को गरिएको
- ENT(दैनिक) , Mental Health (मासिक) , EYE OPD (दैनिक) संचालन गरिएको
- फिजियोथेरापी सेवा सुचारु गरिएको

अस्पताल सुदृढीकरणका प्रमुख प्राथमिकता (परिवर्तनकारी कदमहरू)

- इ हाजिरी पूर्ण रूपमा लागू भएको
- अस्पतालको Social Audit गरिएको
- कर्मचारी REFRESHMENT कार्यक्रम गरिएको

आ .व. २०८१/८२ को लागि बिशेष योजना

१. CEONC सेवा सुरु गर्ने

यस वर्ष अस्पतालमा Comprehensive Emergency Obstetric and Neonatal Care (CEONC) सेवा सुरु गर्ने तयारी तथा पहल गरिएको छ। प्रसूति तथा नवजात शिशुका जटिल अवस्थाहरूलाई समयमै उपचार गर्न आवश्यकता पर्ने जनशक्ति, उपकरण र पूर्वाधारको मूल्यांकन गरी सेवा विस्तारको कार्य अघि बढाइएको छ।

२. ओटीमा आवश्यक उपकरण (C-arm, Fracture table) को व्यवस्था गर्ने

अस्पतालको शल्यकक्ष (OT) सेवाको गुणस्तर सुधार गर्न C-arm fluoroscopy machine र Fracture table जस्ता आवश्यक उपकरणहरूको आवश्यकता पहिचान गरिएको छ। अस्थिरोग तथा ट्रमा केसहरूको शल्यक्रियालाई सहज, सुरक्षित र दक्ष बनाउनका लागि उपकरण खरीद तथा व्यवस्थापन प्रक्रियामा समन्वय कार्य गरिएको छ।

३. विभिन्न शाखामा EMR / EHR को व्यवस्था गर्ने

सेवा प्रवाहलाई डिजिटलिकरण गर्ने लक्ष्यअनुसार विभिन्न विभागहरूमा Electronic Medical Record (EMR) तथा Electronic Health Record (EHR) प्रणाली लागू गर्ने तयारी गरिएको छ। यसले बिरामीको स्वास्थ्य विवरण अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउने, रिपोर्टिङ प्रणालीलाई सरल पार्ने र सेवा प्रवाह पारदर्शी तथा द्रुत बनाउने उद्देश्य राखिएको छ।

४. प्रयोगशालामा Microbiology र Histocytology सेवा विस्तार गर्ने

अस्पतालको प्रयोगशालामा चिकित्सकीय सेवा विस्तार गर्ने क्रममा Microbiology तथा Histocytology सेवाहरू थप्ने प्रक्रिया अघि बढाइएको छ। संक्रमण पहिचान, टिश्यु परीक्षण तथा

उन्नत प्रयोगशाला सेवाहरू उपलब्ध गराई रोग निदानमा सुधार ल्याउने उद्देश्यले आवश्यक जनशक्ति, तालिम र उपकरण मूल्यांकन गरिएको छ।

५. Digital X-ray को व्यवस्था गर्ने

डायग्नोस्टिक सेवालाई आधुनिकिकरण गर्न Digital X-ray सेवाको स्थापना/अपग्रेड गर्ने योजना अघि बढाइएको छ। डिजिटल एक्स—रेमार्फत छिटो रिपोर्टिङ, उच्च गुणस्तरको इमेजिङ, अनलाइन शेयरिङ तथा EMR प्रणालीसँग समायोजन हुने सुविधा उपलब्ध गराउने लक्ष्यका साथ आवश्यक उपकरण व्यवस्थापन तथा पूर्वाधार तयारी गरिएको छ।

Hand, Foot and Mouth Disease

डा. क्षमता घिमिरे
मेडिकल अधिकृत
(बाल रोग विशेषज्ञ)

हात, खुट्टा र मुख रोग (Hand, Foot and Mouth Disease - HFMD) एक भाइरसले हुने संक्रामक रोग हो। यो रोग प्रायः सानो उमेरका बच्चाहरूमा, विशेष गरी ५ वर्ष मुनिका बच्चामा देखिन्छ। कहिलेकाहीँ ठूला बालबालिका र वयस्कहरूमा पनि हुन सक्छ।

कारणः

यो रोग **Coxsackievirus A16** र **Enterovirus 71** नामका भाइरसहरूले गर्छन्। यो भाइरस **नाक, मुखको र्याल, खोकी, हाछ्युँ, फोका फुट्दा निस्किएको पदार्थ**, र **दूषित सतहहरू**बाट सजिलै सर्छ।

लक्षणहरूः

रोग लागेपछि ३ देखि ७ दिनभित्र लक्षण देखिन थाल्छ। मुख्य लक्षणहरू यस प्रकार छन्:

- हल्का ज्वरो आउने
- घाँटी दुख्ने
- मुखभित्र साना घाउ वा फोका आउने
- हात र खुट्टामा साना रातो फोका वा दाना आउने
- बच्चा रुने , खाना नखाने
- कहिलेकाहीँ पेट दुख्ने वा बान्ता हुने

सर्ने तरिकाः

यो रोग धेरै छिटो सर्छ।

- संक्रमित बालबालिकाको र्याल, खोकी वा नाकको पानीबाट
- फोका फुट्दा निस्किएको पानीबाट
- दूषित खेलौना, कपडा, भाँडा वा हातबाट

त्यसैले बच्चालाई अरू बच्चासँग धेरै सम्पर्कमा नराख्नु राम्रो हुन्छ।

उपचारः

यो रोगका लागि **विशेष औषधि वा भ्याक्सिन छैन**।
तर, सामान्य उपचारले लक्षण घटाउन सकिन्छः

- **ज्वरोको लागि Paracetamol** दिन सकिन्छ।
- बच्चालाई **धेरै पानी र तरल पदार्थ** दिनुहोस्।
- **आराम** गर्न दिनुहोस्।

सामान्यतया यो रोग **७ देखि १० दिनभित्र आफैं ठिक हुन्छ**।

रोकथामः

- साबुनपानीले हात राम्रोसँग धुने
- बच्चाको खेलौना र सामान सफा राख्ने
- संक्रमित बच्चालाई स्कूल वा डे—केयर नपठाउने
- बच्चालाई नङ चपाउन वा मुखमा हात हाल्न नदिने
- भाइरस लागेको बच्चाको सम्पर्कबाट टाढा राख्ने

निष्कर्षः

Hand, Foot and Mouth Disease प्रायः **हल्का र आफैं निको हुने रोग** हो।

तर, बच्चामा **ज्वरो धेरै आउने, खाना खान छोड्ने, वा पानी नपिउने अवस्था** भएमा तुरुन्त **डाक्टरलाई देखाउन जरुरी हुन्छ।**

सफाइ र सावधानी नै यस रोगबाट बच्ने सबैभन्दा राम्रो उपाय हो।

योनिस्राव (Vaginal Discharge)

डा. रन्जना यादब
स्त्री रोग विशेषज्ञ

महिलाहरूमा सबैभन्दा सामान्य देखिने समस्याहरू स्वास्थ्यको विविध पक्षसँग सम्बन्धित हुन्छन् । यी समस्याहरू शारीरिक, प्रजनन, मानसिक वा सामाजिक कारणले हुन सक्छन्। नेपालको सन्दर्भमा, महिलाहरूमा देखिने सबैभन्दा सामान्य समस्या मा योनिस्राव (vaginal discharge) पनि एक हो ।

१. योनिस्राव (vaginal discharge) के हो?

योनिस्राव भन्नाले योनिबाट निस्कने स्पष्ट वा हल्का सेतो तरल पदार्थलाई जनाइन्छ। यो स्राव गर्भाशयको गर्भाशयग्रीवा (cervix), योनिको भित्ताबाट, र शरीरको आफ्नै ग्रन्थीहरूबाट उत्पन्न हुन्छ। योनिस्राव (vaginal discharge) महिला प्रजनन प्रणालीको एक महत्वपूर्ण र सामान्य शारीरिक प्रक्रिया हो। धेरै महिलाहरू योनिस्रावलाई रोगको संकेत भनेर डराउँछन्, तर वास्तवमा यो स्वाभाविक रूपमा शरीरको सुरक्षात्मक र शुद्धीकरण गर्ने एक प्रक्रिया हो।

महिलाको योनि डिस्चार्ज (स्राव) सामान्य र असामान्य कसरी छुट्याउने?

योनि (vagina) बाट आउने स्राव महिलाको शारीरिक स्वाभाविक प्रक्रिया हो। यो योनिको सरसफाइ, ब्याक्टेरिया र संक्रमणबाट जोगाउने प्रणाली हो। तर, कहिलेकाहीं यो स्राव असामान्य बन्न सक्छ जुन स्वास्थ्य समस्याको लक्षण हुनसक्छ।

सामान्य योनि स्रावका लक्षणहरू:

- हल्का सेतो वा पारदर्शी रंगको हुन्छ
- गन्धरहित वा हल्का गन्ध हुन्छ
- मासिक धर्म चक्र अनुसार मात्रामा कम-बढी हुन्छ
- योनिमा जलन, दुखाइ वा चिलाउने हुँदैन

असामान्य योनि स्रावका लक्षणहरू:

रंग, गन्ध र लक्षणको आधारमा निम्न तरिकाले छुट्टयाउन सकिन्छ:

१. पहेंलो, हरियो वा गाढा सेतो स्राव ‘ संक्रमणको संकेत (ब्याक्टेरियल वा यौनसम्पर्कबाट सर्ने रोगहरू)

२. दुधजस्तो गाढा सेतो स्राव र चिलाउने ‘ योनीको क्यान्डिडा (Candida yeast) संक्रमण

३. दुर्गन्धित स्राव (माछाको गन्धजस्तो) ' ब्याक्टेरियल भ्याजिनोसिस

४. रक्त मिश्रित स्राव (मासिक धर्म बाहेकको समयमा) ' पाठेघरको घाउ (cervical erosion), पोलिप, वा अन्य समस्याको संकेत

५. योनिमा जलन, चिलाउने वा यौनसम्पर्क गर्दा दुखाइ ' संक्रमण वा योनिको सूजनको लक्षण

असामान्य स्रावका कारणहरू:

१. ब्याक्टेरियल संक्रमण (Bacterial Vaginosis)

२. क्यान्डिडा इन्फेक्शन (Yeast infection)

३. ट्राइकोमोनास संक्रमण (Trichomoniasis)

४. गोनोरिया, क्लामाइडिया जस्ता यौनसम्पर्कबाट सर्ने रोगहरू (STIs)

५. हार्मोन असन्तुलन (menopause, गर्भनिरोधक प्रयोग आदि)

६. डायबिटिज, कम रोग प्रतिरोधात्मक क्षमता भएका रोगहरू

७. चुस्त अन्डरवेयर, अस्वस्थ सरसफाइ, अत्यधिक साबुन वा भ्याजिनल डुश प्रयोग

असामान्य डिस्चार्जको रोकथाम कसरी गर्ने ?

१. व्यक्तिगत सरसफाइः

- योनिको वरिपरि सधैं सफा र सुक्खा राख्ने
- साधारण साबुन र पानीले बाहिरी भाग सफा गर्ने, भित्रपट्टि डुश नगर्ने
- direction: पिसाब पछि वा दिसा पछि अगाडिबाट पछाडि सफा गर्ने

२. सही कपडाको प्रयोगः

- कटनको (सुतिको) अन्डरवेयर लगाउने
- टाइट कपडा नलगाउने
- अन्डरवेयर दिनमा एक पटक अनिवार्य फेर्ने

३. यौन स्वच्छताः

- यौन सम्पर्क अघि र पछि सफा गर्ने
- एकल यौन सम्बन्ध कायम गर्ने

- कन्डमको प्रयोग गर्ने

४. जीवनशैलीमा सुधारः

- रक्तचाप, सुगर जस्ता पुराना रोग नियन्त्रणमा राख्ने
- अत्यधिक एन्टिबायोटिक प्रयोग नगर्ने
- तनाव र निद्रा व्यवस्थापन गर्ने

डाक्टरकहाँ कहिले जानुपर्छ ?

यदि निम्न कुनै पनि लक्षणहरू छन् भने ढिलाइ नगरीकन चिकित्सकको परामर्श लिनुपर्छः

१. गाढा पहेंलो, हरियो, वा दुर्गन्धित स्राव

२. चिलाउने, जलन वा दुखाइ अनुभव हुनु

३. यौन सम्पर्कको समयमा दुखाइ हुनु

४. रगतसहितको स्राव (मासिक धर्मबाहेक)

५. ज्वरो, पेट दुख्ने वा पिसाब गर्दा दुख्नु

६. सामान्य उपचारले सुधार नआएको खण्डमा

स्रोतहरू (References):

१. CDC – Vaginal Discharge: https://www.cdc.gov/std/tg2015/vaginitis.htm

२. WHO – Reproductive Tract Infections: https://www.who.int/news-room/fact-sheets/detail/reproductive-health

३. BMJ Best Practice – Vaginal discharge: https://bestpractice.bmj.com

४. NHS – Vaginal discharge: https://www.nhs.uk/conditions/vaginal-discharge/

मोड्युलर अपरेशन थिएटर

डा. राजेन्द्र महर्जन
जनरल सर्जन

मोड्युलर अपरेशन थिएटर (ओटी) एक आधुनिक, प्री-फ्याब्रिकेटेड स्वास्थ्य सुविधा हो जुन मानकीकृत, अनुकूलन योग्य कम्पोनेन्टहरू (जस्तै भित्ता प्यानल, छत प्रणाली, फ्लोरिङ) को प्रयोग गरी निर्माण गरिन्छ। यी ओटीहरू सजिलै जडान, पुनर्संरचना र अपग्रेड गर्न सकिन्छ, जसले परम्परागत स्थायी निर्माणको तुलनामा लचिलोपन र दक्षता प्रदान गर्छ। नेपालजस्ता स्रोत-सीमित देशहरूमा, जहाँ शल्य सेवा विस्तार र गुणस्तर सुधार आवश्यक छ, मोड्युलर ओटीहरूले तीव्र स्थापना र नियामक अनुपालना समर्थन गर्छ।

मोड्युलर अपरेशन थिएटर (ओटी) डिजाइनका फाइदाहरू

मोड्युलर ओटी डिजाइनले नयाँ अस्पतालहरूमा परम्परागत निर्माणको तुलनामा लचिलोपन, दक्षता र लागत-प्रभावकारिता प्रदान गर्छ। यो प्रणालीले प्री-फ्याब्रिकेटेड, अनुकूलन योग्य कम्पोनेन्टहरू प्रयोग गर्छ, जसले स्थापना समय, मर्मत र भविष्यमा अपग्रेडलाई सरल बनाउँछ। नेपालजस्ता विकासशील देशहरूमा, जहाँ स्रोत सीमित छन् र स्वास्थ्य पूर्वाधार तीव्र रूपमा विस्तार हुँदैछ,

मोड्युलर ओटीहरू विशेष रूपमा लाभदायक छन्। तल, स्वास्थ्य इन्जिनियरिङ र अस्पताल व्यवस्थापनको आधारमा यी डिजाइनका मुख्य फाइदाहरू नेपालीमा प्रस्तुत गरिएको छ।

१. लागत-प्रभावकारिता

कम प्रारम्भिक लगानीः मोड्युलर ओटीहरू प्री-फ्याब्रिकेटेड कम्पोनेन्टहरू (जस्तै भित्ता प्यानल, छत, फ्लोरिङ) प्रयोग गर्छन्, जसले परम्परागत निर्माणको तुलनामा २०-३०% लागत घटाउँछ। नेपालमा, एक मोड्युलर ओटीको निर्माण लागत ३०-५० लाख NPR हुन्छ, जबकि परम्परागत ओटीको लागत ५०-१०० लाख NPR सम्म पुग्छ।

कम मर्मत लागतः गैर-छिद्रयुक्त, सिमलेस सतहहरू र स्टेनलेस स्टील वा ग्लास प्यानलहरूले सफाइ र मर्मतलाई सजिलो बनाउँछ, जसले दीर्घकालीन मर्मत लागत १०-१५% ले घटाउँछ।

छिटो स्थापनाः मोड्युलर प्रणालीले निर्माण समयलाई ५०% सम्म घटाउँछ (परम्परागत ६-१२ महिनाको तुलनामा २-४ महिना), जसले श्रम र ओभरहेड लागत बचत गर्छ।

२. लचिलोपन र अनुकूलनता

मोड्युलर अनुकूलनः मोड्युलर ओटीहरू सजिलै पुनर्संरचना गर्न सकिन्छ, जस्तै न्यूनतम आक्रामक शल्यक्रिया वा रोबोटिक सर्जरीका लागि उपकरण थप्दा। यो लचिलोपनले ८२% वर्कफ्लो अवरोधहरू कम गर्छ, जुन परम्परागत ओटीहरूमा सामान्य छ।

भविष्य-प्रमाणीकरणः उन्नत प्रविधिहरू (जस्तै HD-LED लाइटिङ, मेडिकल IT, ल्यामिनार फ्लो) सजिलै एकीकरण गर्न सकिन्छ, जसले नियामक परिवर्तन (जस्तै HTM 06-01) वा प्राविधिक विकाससँग तालमेल राख्छ। यो नेपालजस्ता देशहरूमा महत्वपूर्ण छ, जहाँ प्रविधि अपग्रेड ढिलो हुन्छ।

३. संक्रमण नियन्त्रण र Sterlization

मोड्युलर ओटीहरूमा ल्यामिनार फ्लो सिस्टम र HEPA फिल्टरहरूले हावामा कणहरू ९९.९७% सम्म हटाउँछ, जसले शल्य स्थलको संक्रमण (SSI) लाई १०-१५% ले घटाउँछ। नेपालमा, जहाँ SSI अस्पतालमा प्राप्त हुने २०% संक्रमणको कारण हो, यो महत्वपूर्ण छ।

सजिलो सफाइः ग्लास वा स्टेनलेस स्टीलका सिमलेस भित्ता प्यानलहरूले मोल्ड र ब्याक्टेरियाको जोखिम कम गर्छ। परम्परागत ओटीहरूमा बारम्बार मर्मत चाहिन्छ, तर मोड्युलर डिजाइनले यो आवश्यकता ३०% ले घटाउँछ।

४. दक्षता र कार्यप्रवाह सुधार

जोनिङ र स्थान उपयोगः मोड्युलर ओटीहरूले अनियन्त्रित, अर्ध-नियन्त्रित र बाँझ क्षेत्रहरूको जोनिङलाई अनुकूल बनाउँछ, जसले कर्मचारीको गतिशीलता र उपकरण पहुँच सुधार्छ। भारतमा गरिएको अध्ययनले मोड्युलर डिजाइनले ओटी टर्नओभर समय २५% ले घटाएको देखायो।

एर्गोनोमिक डिजाइनः उपकरण र लाइटिङको अनुकूल स्थानले कर्मचारीको थकान र चोट (जस्तै धारिलो उपकरणबाट हुने) लाई १५% ले कम गर्छ, जुन परम्परागत ओटीहरूमा बारम्बार देखिन्छ।

५. वातावरणीय र ऊर्जा दक्षता

ऊर्जा बचतः मोड्युलर ओटीहरूमा ऊर्जा-कुशल HVAC र LED लाइटिङले बिजुली खपत १५-२०% ले घटाउँछ। नेपालमा, जहाँ बिजुली आपूर्ति अनियमित छ, यस्ता प्रणालीहरूले UPS मा निर्भरता कम गर्छ।

दिगोपनः प्री-फ्याब्रिकेटेड सामग्रीहरूले निर्माण फोहोर ३०% ले घटाउँछ, जुन नेपालजस्ता स्रोत-सीमित देशहरूमा पर्यावरणीय प्रभाव कम गर्न महत्वपूर्ण छ।

६. नेपालमा प्रासंगिकता

नेपालमा, मोड्युलर ओटीहरूले ग्रामीण र शहरी अस्पतालहरूमा शल्य सेवा पहुँच विस्तार गर्न सक्छ। उदाहरणका लागि, भेनस हस्पिटल (नेपाल) मा ल्याप्रोस्कोपिक ओटीहरूमा मोड्युलर डिजाइन प्रयोगले लागत २०% ले घटायो र शल्यक्रिया पहुँच १५% ले बढायो। यस्ता डिजाइनहरूले स्थानीय आपूर्ति श्रृंखला अवरोधलाई कम गर्छ र सरकारी अनुदान वा NGO साझेदारीसँग संयोजन गर्दा सस्तो हुन्छ।

निष्कर्ष

मोड्युलर ओटी डिजाइनले नेपालजस्ता देशहरूमा लागत बचत, छिटो स्थापना, बाँझपन, र दीर्घकालीन अनुकूलनता प्रदान गर्छ। यी फाइदाहरूले नयाँ अस्पतालहरूलाई सीमित स्रोतमा पनि उच्च-गुणस्तरको शल्य सेवा प्रदान गर्न सक्षम बनाउँछ। यदि तपाईं नेपालमा मोड्युलर ओटीको लागत ब्रेकडाउन, विशिष्ट डिजाइन कम्पोनेन्ट, वा थप केस स्टडीहरू चाहनुहुन्छ भने, मलाई भन्नुहोस्

Wisdom teeth: should you Keep them or remove them?

Dr. Rabina Khadgi
Dental Surgeon

Wisdom teeth usually are the third set of molars that usually emerge in late adolescence to early 20s

Why is it called a wisdom tooth?

The Greek word for these teeth is "**odontias sophias**" which translates to "teeth of wisdom". The name signifies these molars usually erupt during a period in life when individuals are considered more mature and wiser compared to their younger years.

Keep are then if they are	**Extract them if they are**
Healthy	Severely Damaged
Fully erupted	Causing severe pain
Correctly positioned	Recurrent Infection
Properly Biting	
Easy to be cleaned	

What symptoms of wisdom teeth indicate the need for surgery extraction?

- Some patients may while other have no symptoms. may experience following
- Pain, swelling
- Tooth decay due to difficulty in brushing and flossing
- Recurrent Infections due to trapped food debris
- Difficultly opening the mouth and pain especially if swelling and inflammation spread outside the mouth

If one has these symptoms wisdom tooth symptoms surgery may be necessary

What happens if you choose not to have wisdom tooth surgery?

Tooth decay: Malaligned teeth makes it difficult to maintain oral hygiene causing decay in adjacent tooth (2nd molar)

Bad breath: Inflamed gums, tooth decay and trapped food debris can Cause bad breath.

Cyst formation: Wisdom teeth can cause cyst that enlarge and damage adjacent teeth and surrounding bone.

Is wisdom tooth removal painful?

Most of the wisdom tooth removal are not as painful as per expectation of the patient. Before surgery there is slight pain when the dentist administer anesthesia. After that, you will only feel slight tightness which is less painful compared to the pain and complications that may occur if the wisdom tooth is problematic.

समस्या र चुनौती बीच नर्स

सिमा चौधरी
अ.न.नि

Nursing सेवा आफूमा एक अत्यन्त चुनैती पूर्ण पेशा हो त्यसैगरी Nurse भन्नाले Nursing सेवा दिने, दिनदुखी लाई सेवा गर्ने भन्ने बुझिन्छ । नर्सिङमा अदृश्यरूपी असंख्या प्राणघाटी रोगहरू, महामारी, Disaster बीच काम गर्नुपर्ने हुन्छ । अहिले को वर्तमान स्थितीमा हत्या, हिंसा, त्रासयुक्त स्थिति संग जुधनु पर्छ।

नर्स बिरामी अनुपात उच्च भएतापनि, बिरामीलाई स्वास्थ्य पार्न ,बिरामी निको पार्न साधनको कमी बावजूद पनि उच्च तनाव र दबाब को, बिच जुदेर कठिन सामना गर्दै काम गर्नु पर्छ। तैपनि Nurse को समर्पण र योगदान को कदर हुदैन। कार्यस्थल जोखिमपूर्ण र अध्यधिक कार्यकार भएता पनि कतिपय ठाउँमा Nurse ले अभद्र व्यवहार पहनु पर्ने बाध्यता हुन्छ।

नया Technology संग थप चुनौती र जिम्मेवारी बढ्दो छ । अत्यधिक कार्यभार र जिम्मेवारीले गर्दा Mental, Physical, Emotional सास्ती खेप्नु पर्छ तैपनि नर्स प्रति शिष्टाचार र सम्मान को भावना छैन जसले गर्दा Nurse विदेशिनु बाध्य हुन्छ। भविष्यलाई अन्धकारको भुमरीमा रूमलिएको देख्दा मन कलुक्क खान्छ र व्याकुल हुन्छ ।

आँखामा सजिएका रंगीन सपनाहरू औषधिको एम्पुल फुटेझैं चकनाचुर हुँदा मन खिन्न हुन्छ। यहाँ करिअरप्रति उदासीनता, नैराश्यता र रुढीवादी सोचका कारण पेशाको अपमान भएको छ र भविष्य अन्यौलमा पर्न पुगेको छ।

सहकार्य र टोलीभावना अस्पताल सफलताको मेरुदण्ड

भिम बिष्ट
सहायक प्रशासन

"सर्वे भवन्तु सुखिन;सर्वे सन्तु निरामयाः।"

अस्पताल केवल उपचारको भवन होइन यो जीवन, जिम्मेवारी र मानवीय मूल्यहरूको संगमस्थल हो। यहाँ प्रत्येक निर्णय, प्रत्येक क्रियाकलाप र प्रत्येक संवादको प्रभाव मानव जीवनमाथि पर्छ। त्यसैले अस्पतालको सफलताको वास्तविक आधार भवन उपकरण वा प्रविधि होइन सहकार्य र टोली भावना हो, जसले अस्पताललाई जीवनदायीनी संस्थाको रूपमा सुदृढ बनाउँछ जब चिकित्सक,नर्स, प्रयोगशाला प्राविधिक, सरसफाई कर्मचारी, सुरक्षा कर्मचारी र प्रशासन एउटै उद्देश्य जीवन रक्षामा एकताबद्ध भएर अघि बढ्छन् त्यो अस्पताल केवल संस्था रहँदैन त्यो मानवता र समर्पणको प्रतीक बन्छ।

सहकार्यको अवधारणा र यसको जीवन्त आवश्यकता

सहकार्य भन्नाले एउटै लक्ष्यका लागि फरक फरक भूमिकामा रहेका व्यक्तिहरू बीचको आपसी समन्वय समझदारी र सहयोग हो अस्पतालमा सहकार्य केवल व्यवस्थापनको प्रक्रिया होइन यो जीवन र मृत्यु बीचको सन्तुलन कायम गर्ने शक्ति हो।

<u>उदाहरणका लागि;</u>

- चिकित्सकले उपचार गर्छन,
- नर्सले नर्सले हेरचाह गर्छिन् ,
- प्रयोगशाला प्राविधिकले परीक्षण गर्छन्,
- फार्मेसीले औषधि आपूर्ति गर्छ,
- प्रशासनले सबै क्रियाकलापमा सहज र व्यवस्थित बनाउँछ।

यदि यी विभागबीच संवादमा अवरोध आयो भने सानो त्रुटिले पनि बिरामीको जीवन जोखिममा पर्न सक्छ त्यसैले अस्पतालमा सहकार्य केवल आवश्यकता होइन अत्यन्तआवश्यक र अपरिहार्य छ

<u>सहकार्यले ल्याउने प्रभावहरू;</u>

- कार्यको दक्षता र समयबद्धता बढाउँदछ
- सेवा गुणस्तर र बिरामीको सन्तुष्टि उच्च हुन्छ।
- विश्वास र पारदर्शिता कायम रहन्छ।
- संवेदनशील परिस्थितिमा तुरुन्त प्रतिक्रिया सम्भव हुन्छ। संस्थामा सामूहिक उत्तरदायित्व र अनुशासन विकास हुन्छ।

<u>टोली भावना</u>

"अस्पताल संस्कृतिको आत्मा"

टोली भावना केवल समूहमा काम गर्ने सीप होइन यो 'हामी 'को दर्शन हो जहाँ व्यक्तिको अस्तित्व भन्दा सामूहिक लक्ष्य ठूलो ठहरिन्छ अस्पतालमा टोली भावना भनेको "एकै बिरामीका लागि सयौं हात मन र दिमागको समर्पण हो।" जब चिकित्सक, नर्स, प्रयोगशाला प्राविधिक, फार्मेसिस्ट, प्रशासन एउटै तालमा काम गर्छन् त्यसले न केवल कार्य क्षमता बढाउछ बरु एक किसिमको भावनात्मक अनुशासन पनि सिर्जना गर्छ | यहाँ हरेक कर्मचारीको आफ्नै कार्यलाई कर्तव्य होइन उत्तरदायित्व ठान्छ

टोली भावना भएको अस्पतालमा

मतभेद हुन सक्छ तर असहयोग हुँदैन

त्रुटि हुन सक्छ तर आरोप हुँदैन

हरेक सदस्यले आफ्नो भूमिकाभन्दा संस्थाको लक्ष्यलाई ठूलो रुपमा हेर्छ।

त्यसैले टोली भावना अस्पतालको आत्मा हो, जसले प्रणालीलाई जीवित गतिशील र सन्तुलित राख्छ।

<u>प्रशासनको दृष्टिकोण</u>

"समन्वयको केन्द्रबिन्दु"

अस्पताल प्रशासन संस्थाको मस्तिष्क हो प्रशासनले योजनाबद्ध सोच व्यवस्थापकीय दक्षता र मानव केन्द्रित दृष्टिकोणबाट सहकार्य र टोली भावना संस्थागत बनाउँछ। यो केवल निर्माण गर्ने निकाय होइन यो मानव र व्यवस्थापनबीचको सेतु हो |

<u>प्रभावकारी प्रशासनका प्राथमिकताहरु</u>

❖ सञ्चार सुदृढीकरण
- नियमित बैठक समीक्षा र सूचनादान प्रदानको प्रणाली
- प्रत्येक निर्णयमा पारदर्शिता र सहभागिता

❖ मानव स्रोत सशक्तिकरण
- तालिम, सीप अभिवृद्धि र मानसिक सशक्तिकरण कार्यक्रम
- उत्कृष्ट कार्य प्रदर्शन गर्ने कर्मचारीलाई सम्मान र प्रोत्साहन

❖ साझा दृष्टि र लक्ष्य निर्धारण
- सबै विभाग एउटै दिशा र उद्देश्यमा केन्द्रित हुने वातावरण सिर्जना
- बिरामीको हितलाई नीतिगत प्राथमिकता

❖ समस्या र समाधान र निष्पक्षता
- विवाद वा असन्तुष्टि तत्काल निष्पक्ष रूपमा समाधान
- समान अवसर र न्यायसंगत व्यवहार

❖ संवेदनशील नेतृत्वले

- आदेश होइन प्रेरणा दिनुपर्छ।
- सहानुभूति र आत्मयता प्रशासनको मूल आधार हुनुपर्दछ।

❖ नविनता र निरन्तर सुधार

- प्रशासनले स्थिर होइन सजग र प्रगतिशील प्रणाली निर्माण गर्नुपर्छ।

यस्ता कार्यद्वारा प्रशासन केवल व्यवस्था मिलाउने निकाय रहँदैन यो सहयोग र एकताको प्रेरक शक्ति बन्छ।

<u>सहकार्य र टोली भावनाको परिणाम</u>

जब सहकार्य र टोली भावना संस्थागत रूपमा मजबुत हुन्छ त्यो अस्पतालमा केवल काम हुँदैन त्यहाँ सेवा बाँच्दछ। र यो केवल कार्यक्षमता बढाउने साधन होइन यो सेवाको आत्मा र समाजसँगको सम्बन्ध सुदृत गर्ने माध्यम बन्छ

मुख्य प्रभावहरू

- बिरामीलाई छिटो सुरक्षित र गुणस्तरीय सेवा प्राप्त हुन्छ ।
- कर्मचारीहरूको आत्मबल आत्मसम्मान र सन्तुष्टि वृद्धि हुन्छ।
- आन्तरिक विवाद असन्तुष्ट असन्तोष र गलत फेहमी घट्छ ।
- अस्पतालमा अनुशासन पारदर्शिता र सकारात्मक वातावरण कायम रहन्छ। समाजमा अस्पतालप्रतिको विश्वास र प्रतिष्ठा दिगो रुपमा बढ्छ।
- बिरामी केन्द्रित सेवा संस्कृति स्थापना हुन्छ।

अन्तत सहकार्य र टोली भावना नै अस्पतालको अदृश्य पुजी हो जसले संस्थालाई स्थायित्व ,विश्वास र गरिमा प्रदान गर्छ।

<u>निष्कर्ष</u>

अन्तत अस्पतालको वास्तविक शक्ति भवन, उपकरण वा प्रविधि मात्र होइनः- **मानवता सहकार्य र टोली भावनामा निहित छ।**

सफल अस्पताल त्यही हो जहाँ

- चिकित्सकले बिरामीको पीडा महसुस गर्छन्।
- नर्सले ममताका साथ सेवा गर्छिन्।
- प्राविधिकले निष्ठापूर्वक काम गर्छ र
- प्रशासनले सबैलाई एउटै परिवारको रुपमा बाँच्छ।

सहकार्य र टोली भावना अस्पतालको आत्मा ऊर्जा र अस्तित्व हुन् यी बिना अस्पताल केवल संस्था हुन्छ यी सहित अस्पताल सेवाको मन्दिर बन्छ ।

आभास

१.चुडालिए मुनाहरु ,निमोठिए पातहरु
मातृका हियारमा, बजारिए लातहरु
ढालिदिए मेरुदण्ड , देशै अपाङ्ग भो
स्वार्थ पूर्ती चेष्टा वृत्ति,फिजारिए हातहरु

२.सरकार मार्यो कानुन मारियो, देश मात्रै छ
सभ्यता मार्यो संस्कार मारियो,भेष मात्रै छ
नेपाल आमा चिनाइराखे, वीर सहिदको
अर्ति मार्यो स्वाधीनता मारियो,शेष मात्रै छ

३.त तिमी तपाईं बाट , हामी बन्नु परो
सबैको मन मस्तिष्कमा , दामी बन्नु परो
अनि पो त प्रशासनले,स्वच्छ छवी कमाउने हो
फलानो फलानी वाहा वाहा , नामी बन्नु परो

४.क्विन्टल बेची क्याप्सुल किन्ने,हाम्रै देशमा हो
टनमा बेची ट्यावलेट किन्ने, हाम्रै देशमा हो
दुई चार सालमा प्रगती पक्कै,गरेर देखाउँछौ
स्वदेशी उत्पादन स्वदेशी लगानी,हाम्रै देशमा हो

५.सिलाउनुछ च्यात्तिएको,लत्ता खोज्नु छ
मिलाउनुछ विधि बिधान,पक्का खोज्नु छ
भत्किएका करेसाहरु , मलजल गर्नलाइ
कलाकारको कलाकौशल,लखखौं खोज्नु छ

६.जान्न विदेश यतै बस्छु, भन्ने माहोल हुनुपर्छ
युवा रोजगार प्रत्येक घरमा,बन्ने माहोल हुनुपर्छ
रोपौंला फलाउँला सुनका वाला, यहि माटोमा
आधुनिक कृषि बाँझो वारि, खन्ने माहोल हुनुपर्छ

✍ भिम बिष्ट

केहि तस्विरहरु

Dental Department

General Ward

Waste Management Area

Pharmacy Department

Hospital Counter

Hospital Garden Area

Lab (CLIA तथा Auto Analyzer Machines)

स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाइ अस्पतालमा आपतकालीन अवस्थाको व्यवस्थापन को लागि अस्पतालको तयारी सम्बन्धि अस्पताल परीसरमा गरिएको अभ्यास कार्यक्रम | (Mock Drill)

प्रदेश अस्पतालहरू मार्फत ६५ वर्ष मार्थका जेष्ठ नागरिकहरूलाई निःशुल्क दन्त सहायता सामाग्री (CD/RPD) सहयोग कार्यक्रम

Dental Procedures

Social Audit

स्वास्थ्यकर्मीहरुको knowledge upgrade को लागि CME/CNE कार्यक्रम

Best Employee of the Month

अस्पतालको मासिक रूपमा डाटा भेरिफिकेशन कार्यक्रम

स्वास्थ्यकर्मीहरुलाई MPDSR को अभिमुखीकरण

स्वस्थ्यकर्मीहरुलाई Neonatal Health Screening सम्बन्धि अभिमुखीकरण

EMT , RRT अभिमुखीकरण कार्यक्रम

OT Room

OT Procedures

REDMI NOTE 13 PRO
21/02/2025 13:48